आज मिति २०७८ असोज १९ गते, मंगलबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

**विषयहरु :–**

१. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरुः–**

१. आ.व. २०७८/०७९ को सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकम अन्तर्गत प्रथम त्रैमासिक (२०७८ श्रावण, भाद्र र असोज महिना) को रकम देहाय बमोजिमका बैंकहरु तथा वडा कार्यालयहरुबाट देहायका मितिहरुमा सम्बन्धित लाभग्राहीहरुलाई वितरण गर्ने निर्णय गरियो :

| वडा नं. | बैंकको नाम | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|---|
| १ | कुमारी बैंक, नपुखु | मिति २०७८ असोज २० गते | १ नं. वडा कार्यालय |
| २ | नेपाल बैंक, ब्यासी | मिति २०७८ असोज २४ र २५ गते | भ.न.पा भवनको (बैक काउण्टर) |
| ३ | कुमारी बैंक, नपुखु | मिति २०७८ असोज २२ गते | ३ नं. वडा कार्यालय |
| ४ | सिद्धार्थ बैंक, तलेजु मार्ट | मिति २०७८ असोज २४ र २५ गते | तलेजू बैंक्वेट, राममन्दिर |
| ५ | सनराइज बैंक, सुकुलढोका | मिति २०७८ असोज २०, २२ र २४ गते | सनराइज बैंक, सुकुलढोका |
| ६ | कुमारी बैंक, ब्यासी | मिति २०७८ असोज २० र २२ गते | ख्वप कलेज, देकोचा |
| ७ | कुमारी बैंक, जगाती | मिति २०७८ असोज २० र २२ गते | ७ नं. वडा कार्यालय |
| ८ | प्राइम बैंक, च्याम्हासिंह | मिति २०७८ असोज २४ र २५ गते | प्राइम बैंक, च्याम्हासिंह |
| ९ | सिद्धार्थ बैंक, च्याम्हासिंह | मिति २०७८ असोज २४ र २५ गते | सिद्धार्थ बैंक, च्याम्हासिंह |
| १० | ग्लोबल IME बैंक, कमलविनायक | मिति २०७८ असोज २२, २४ र २५ गते | ग्लोबल IME बैंक, कमलविनायक |

२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**१. युवा तथा खेलकुद समिति :**

मिति : २०७८।६।१५ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क. अखिल नेपाल फुटबल संघको आयोजनामा २०७८ कार्तिक ४ गतेदेखि संचालन हुने "उपमेयर कप राष्ट्रिय महिला लिग फुटबल प्रतियोगिता" मा सहभागी हुने महिला खेलाडीहरुलाई २०७८ असोज १५ गतेदेखि डाईट (खुराक) को व्यवस्था गर्ने निर्णय गरियो ।**

**ख. अखिल नेपाल फुटबल संघको आयोजनामा २०७८ कार्तिक ४ गतेदेखि संचालन हुने "उपमेर कप राष्ट्रिय महिला फुटबल प्रतियोगिता" को लागि आवश्यक व्यवस्था गर्न वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई रु.१,५०,०००।- (अक्षेरुपी रु. एक लाख पचास हजार) पेश्की लिन लगाउने र उक्त प्रतियोगिताका लागि भक्तपुर नगरभित्रका इच्छुक महिला खेलाडीहरुलाई सहभागिताको लागि दैनिक 'मजदुर' पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।**

## २. निर्माण समिति

२०७८/०६/१८ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क.सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखालस्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | १० | नपा | २,१३०,४३९।१८ | | | | | | | | |
| २ | शारदा मा.वि.को भवन निर्माण कार्य (दोस्रो चरण) | २ | बाग्मती प्रदेश सशर्त बजेट | ३,१२९,७६४।०१ | | | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिंग कार्य (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुदै थुसाचा पुलसम्म) | ८ | नपा | १,६०४,७७१।१७ | | मिति २०७८ मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | खोला सुधार बजेटबाट रू. ५ लाख विनियोजन गर्ने |
| **योजना संशोधन । ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| | **साविक योजनाको नाम** | | **बजेट** | **ल.ई.रकम** | **परिमार्जित योजनाको नाम** | | **बजेट** | **ल.ई.रकम** | | | | |
| १ | बांसी तंदेखि लालाछेंसम्मको ढुंगा छपाई बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल | १,०२५,६९४।७६ | छुमा गणेश मन्दिरदेखि प्वकचा द्योसम्म ढुंगा छपाई बाटो मर्मत कार्य | | सडक बोर्ड नेपाल | १,०४०,७३५।६२ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाटेढुकुर खानेपानी डिप बोरिंग स्थल (दोस्रो) मा ३ फेजीय विद्युत लाईन व्यवस्था गर्ने कार्य | ७ | खानेपानी | ५४९,७६७।६० | | उ.स.अ. : श्री पाण्डव सुवाल अ.स.स. : श्री श्री हरिरत्न गोर्खाली | | | | | | |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | थुसाचादेखि हनुमान्चासम्मको सडकमा ग्राभेलिंग गर्ने कार्य | ८ | | ४९९,९६७।४२ | | | | ४५६,०१२।४३ | ४५६,०१२।४३ | सम्पन्न | श्री गणेश ब्रिक सेल्स सेन्टर, भक्तपुर | |
| २ | वडा नं. १ बारूद यन्त्र अफिसको दक्षिणतर्फको गेटनिर भेटरीनरी अफिस अगाडि ईटा छपाई कार्य | १ | मर्मत सम्भार | ३८७४३।५६ (सामान तर्फ) | | | ३३५७४।८४ (सामान तर्फ) | ३३५७४।८४ (सामान तर्फ) | ३३५७४।८४ (सामान तर्फ) | सम्पन्न | | सामान जिन्सी शाखा बाट उपलब्ध |
| | | | | १९२६८।२५ (ज्याला तर्फ) | | | १४७७५।२० ( ज्यालातर्फ) | १४७७५।२० ( ज्यालातर्फ) | १६४६०।२० ( ज्यालातर्फ) | | | |
| | | | | **५८,०११।८१** | | | **४८,३५०।०४** | **४८,३५०।०४** | **५०,०३५।०४** | | | |
| **बजेट संशोधन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ८, फोहोर प्रशोधन केन्द्र निर्माण स्थल बाटोको ग्राभेलिंग (पुरानो जगातीदेखि फोहोर प्रशोधन केन्द्र हुँदै थुसाचा पुलसम्म) कार्यको लागि आ.व. २०७७।०७८ मा ल.ई. रू. १६,०४,७७१।१७ स्वीकृत भई योजना सञ्चालित भएकोमा कार्य सम्पन्न गर्न थप बजेट रू. ५ लाख आ.व. २०७८।०७९ का लागि खोला सुधार कार्य बजेट शीर्षकमा विनियोजित रू. १३ लाखबाट व्यहोर्ने र खोला सुधार योजनामा रू.८ लाख बांकी रहने गरी संशोधन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

**३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. यही मिति २०७८ असोज ३१ र कार्तिक १ गते, भ.न.पा. ६ स्थित ख्वप कलेज (देकोचा) मा हुने ४१ औं नेपाल भाषा साहित्य तःमुज्यालाई यस नगरपालिकाको तर्फबाट नगद रु.५०,०००।- (अक्षरेपी पचास हजार रुपैया) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।**

ख. नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट यस नगरपालिकामा पठाइएका दुई जना एम.आई. एस. अपरेटर र एक जना फिल्ड सहायकको साझेदारी प्रतिवद्धता पत्र सम्बन्धित विभागमा पठाउने निर्णय गरियो ।

ग. मिति २०७८।६।२५ गते यस नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरु र शाखा प्रमुखहरु सहभागी भई विजया दशमी २०७८ को शुभकामना आदान-प्रदान कार्यक्रम गर्ने निर्णय गरियो ।

घ. भनपाको गाडी नं. बा ४ क ५४३ को मर्मत गरे वापत रु.८१,५८६।-, बा १ भ ८७५१ को गाडी मर्मत गरे वापत रु.४१,८१०।- र बा ३ च ७१४९ को एम्बुलेन्स मर्मत गरे वापत रु.१०,१७०।- गरी कुल रु.१,३३,५९६।- अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. नपाको गाडी नं. ५४९६ को एम्बुलेन्स मर्मत गरे वापत रु.४२,९४८।- सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

च. नपाको २९४१ नं. को बाकोलोडर गाडी मर्मत गरे वापत रु.४,४८,३६२।- हाम्रो हेभी इक्विपमेन्टलाई भुक्तानी दिने निर्णय गरियो ।

छ. मिति २०७८।६।१४ गते बसेको कार्यपालिका बैठकमा नास्ता उपलब्ध गराए वापत रु.१०,१७०।- सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।